# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।०८१

सूचना नम्बरः ८८

**मदिरा उत्पादन, बिक्री तथा वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना**

(प्रथम पटक प्रकाशित मितिः- २०८०।११।१०)

यस लुङ्ग्री गाउँ कार्यपालिकाको १०औं बैठकबाट स्वीकृत लुङ्ग्री गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा ७ मा यस लुङ्ग्री गाउँपालिकाको कुनै पनि वडामा अनुमतिपत्र नलिई कसैले पनि मदिराको उत्पादन, बिक्री तथा वितरण गर्न नपाउने व्यवस्था भएकोले यस गाउँपालिका क्षेत्र भित्र मदिराको उत्पादन, बिक्री तथा वितरण गर्न ईच्छुक व्यक्ति वा फर्मले सोही कार्यविधिको अनुसूची १ को ढाँचामा सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुहुनका साथै मदिरा उत्पादक एवं विक्रेताले सोही कार्यविधिको अनुसूची ४ मा उल्लेखित देहायका शर्तहरुको पालना गर्न/गराउन हुन सरोकारवाला सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**मदिरा उत्पादक, बिक्रेता वा अनुमतिपत्रवालाले पालना गर्नु पर्ने शर्तहरुः**

१. अनुमतिपत्र र मदिराको मूल्य सूचि सबैले देख्न सक्ने गरी कारोबार स्थलमा राख्नु पर्नेछ ।

२. मदिराको उत्पादक वा बिक्रेताले आफ्नो स्थायी लेखा नम्बरको बिल राखेको हुनुपर्नेछ ।

३. अनुमतिपत्र हरेक वर्ष नविकरण गर्नुपर्नेछ ।

४. बिस वर्ष उमेर नपुगेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

५. साँझ ६ बजे देखि रातीको १० बजे सम्म मात्र मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार, सञ्चय तथा सेवन गर्नुपर्नेछ ।

६. सार्वजनिक स्थल देखि कम्तिमा १०० मिटर वरपरको क्षेत्रफलमा मदिराको उत्पादन, बिक्री वितरण, ओसारपसार, सञ्चय तथा सेवन गर्न पाइने छैन ।

पुनश्चः माथि उल्लेखित शर्तहरु उल्लङ्घंन गर्ने व्यक्ति, फर्म, उत्पादक, बिक्रेता वा अनुमतिपत्रवालालाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

..........................

(जीत बहादुर परियार)

प्रमुख प्रशासकीय अधिकृत

जीत बहादुर परियार

(प्रमुख प्रशासकीय अधिकृत)